# देवचुली नगरपालिकाका नगरप्रमुख श्री हरिप्रसाद न्यौपाने द्वारा दोस्रो नगर सभाको तेस्रो अधिवेशनमा प्रस्तुत आ.व. ०८०/८१ को नीति तथा कार्यक्रम - (२०८०/०३/०८)

नगर उपप्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगर प्रवक्ताज्यू,
वडा अध्यक्षज्यूहरु,
कार्यपालिका सदस्यज्यूहरु,
नगरसभा सदस्यज्यूहरु,
शाखा प्रमुख एवम् सम्पूर्ण कर्मचारीज्यूहरु,
उपस्थित पत्रकार, सञ्चारकर्मी, सुरक्षाकर्मी एवम् सम्पूर्ण महानुभावज्यूहरु।

नेपाल र नेपालीको राष्ट्रिय हित, नागरिकको आकाङ्क्षा एवम् लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानवअधिकारको संरक्षण, दीगो आर्थिक विकास र सुशासन कायम गर्न देशले लिएको राष्ट्रिय सोंचलाई आत्मसात् गर्दै देवचुली नगरपालिकाको **"आर्थिक विकास र स्वरोजगारः समृद्ध देवचुली निर्माणको आधार"** भन्ने दीर्घकालिन सोंच सार्थक पार्ने तर्फ प्रतिवद्ध रही यस नगरपालिकाको आर्थिक वर्ष २०८०\०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु।यस महत्वपूर्ण घडीमा नेपालको राष्ट्रिय अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा, अमर सहिद तथा देवचुलीको समृद्धिमा योगदान पुर्याउनु हुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

नगरसभा सदस्यज्यूहरु,

संविधान र संघीयता कार्यान्वयनका महत्वपूर्ण आधारहरु निर्माण गरी राजनीतिक संक्रमणकालको अन्त्य गर्दै देशलाई राजनीतिक स्थायित्वको दिशातर्फ अग्रसर गराउने चरणमा भएको स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको हैसियतमा तपाई हामीले व्तितित गरेको यो एक वर्षको कार्यकालमा समग्र नगरपालिकाको विकास एवम् नगरबासीको आकाक्षां परिपूर्ति गर्नमा समयलाई समर्पित गर्न पाइएकोमा आफैलाई गौरव महशुस भइरहेको छ।

संविधान जारी भएपछिको यस अवधिमा हासिल भएका महत्वपूर्ण उपलब्धीहरुलाई संस्थागत गरिंदै थप सुदृढ र समुन्नत बनाउँदै जाने क्रममा संविधानको परिकल्पना अनुसार भएका तीन तहको सरकार मध्ये

स्थानीय सरकारको हैसियतमा हामी सबैजना यस देवचुली नगरपालिकाको विकास, समृद्धि र देवचुलीबासी आम जनसमुदायको समुन्नतिमा अहोरात्र खटिने महत्वपूर्ण सदस्यको रुपमा काम गर्दै आइरहनुभएका हामी नगरसभा सदस्यहरुको तर्फबाट म सम्पूर्ण नरबासीमा आफूलाई कर्मठ सिपाहीको रुपमा नगरपालिकाको सेवामा समर्पित गरिएको एक जिम्मेवार सदस्यको रुपमा उभ्याउन पाएकोमा धन्यबाद ज्ञापन गर्न चाहन्छु। सथै आजसम्म गरिएका कार्यहरुको समिक्षा गरि आगामी दिनहरुमा हुनुपर्ने कार्यहरुको रचनात्मक सल्लाह प्रदान गर्नुहुने वुद्धिजीवि, राजनीतिज्ञ, समाजसेवी, पत्रकार लगायत सबैमा आभार व्यक्त गर्न चाहन्छु।

संविधानमा व्यवस्था भए अनुसार संघीय सरकार, गण्डकी प्रदेश सरकार र देवचुली नगरपालिका बिचमा समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्धन्तालाई अङ्गीकार गरि नगरपालिका भित्र सञ्चालन गरिएका सम्पूर्ण आर्थिक, सामाजिक तथा भौतिक विकास, मानव शंसाधन विकासका आधारहरु लगायत कार्यहरु कार्यान्वियन हुँदै आइरहेको र भविष्यमा समेत निरन्तर सुमधुर सम्बन्ध कायम गरि थप सशक्त र दीगो रुपमा निरन्तर चलिरहने विश्वास दिलाउन चाहन्छु।

नेपाल सरकारको दिगो विकासको लक्ष्य प्राप्तिको लागि अपनाउनु पर्ने मुलभूत विकास निर्माणका आधारशिलाहरुलाई पूर्णरुपमा पालना गरि स्थायी रुपमा नगर विकासका खाकाहरुलाई कार्यान्वयन गर्रिदै आएको र आगामी दिनमा समेत यस कार्यको निरन्तरता रहने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

स्थानीय जनप्रतिनिधिहरु मार्फत् संविधान प्रदत्त हकको कार्यान्वयन, उपलब्ध स्रोत, साधन, अवसर र क्षमताको अधिकतम उपयोग गरि आर्थिक, सामाजिक तथा पूर्वाधारको दीगो र भरपर्दो विकास गर्नुका साथै सुशासन, सरल सेवा प्रवाह गर्दै सामाजिक न्याय तथा समन्यायिक विकासका माध्यमबाट समृद्धिको यात्रा तय गर्ने उद्देश्यले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्य प्रचलित कानून, सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गनिर्देशन, नीति, आवधिक योजना र दीगो विकासका लक्ष्यहरु तथा यस नगरपालिकाको नगरसभा र नगरकार्यपालिकाले स्वीकृत गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड र नीतिगत निर्णयहरु तथा देवचुली नगरपालिकाको विकासको मौजुदा अवस्था, स्रोत साधन र जनभावनालाई आत्मसात् गरेर विभिन्न क्षेत्रबाट राय सुझाव समेत प्राप्त गरि यो नीति तथा कार्यक्रम तयार गरिएको छ।

समग्र विश्वनै आर्थिक मन्दिको चपेटामा परिरहेको यस अबस्थाबाट हामी पनि प्रभावित छौं। स्रोत र साधन सिमित छन्। नागरिकका आवश्यकता असिमित छन्। उपलब्ध स्रोत साधनको व्यबस्थित र उच्च परिचालन गर्दै अधिकतम उपलब्धी हासिल गर्ने, स्वरोजगारी सिर्जना गर्ने, कृषिमा आत्मनिर्भर हुँदै देवचुली नगरपालिकालाई सन्तुलित विकासयुक्त नगर बनाउने तर्फ प्राथमिकता दिईएको छ।

सभाका सदस्यज्यूहरु अब म नगरपालिकाका विषय क्षेत्रगत नीति पेश गर्दछु।

## आर्थिक विकास नीति -

१. **"आर्थिक विकास र स्वरोजगार, समृद्ध देवचुली निर्माणको आधार"** भन्ने मूल मर्ममा आधारित रहि नगरका आर्थिक विकासका क्षेत्रहरु कृषि, उद्योग, पशु, पर्यटन तथा व्यापार व्यवसाय प्रवर्द्धनमा विशेष जोड दिइनेछ।

२. नवलपुर क्षेत्रका सबै स्थानीय तहहरुसँगको साझेदारीमा कृषि शीतगृह भण्डार **"कोल्ड स्टोरेज"** स्थापना तथा संचालनका लागि पहल गरिनेछ।

३. **"नगर प्रमुखसँग युवा, कृषक र उद्यमी कार्यक्रम"** अन्तर्गत नगरभित्रै उद्यम गर्न वा स्वरोजगार हुन चाहने युवा युवतीले समूह वा सहकारीमा आवद्ध भई सो कार्य गर्नका लागि समूह, सहकारी, विपन्न तथा लक्षित समुदायका व्यक्तिहरुलाई परियोजना प्रस्तावका आधारमा सीप विकास तालिम, प्रविधि, सहुलियतपूर्ण कर्जा, बिऊ पूँजी र बजारीकरणमा सहयोग गर्न उद्यमशिलता विकास कोषको स्थापना गरिनेछ।

४. **"युवा उद्यमशिल विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०"** तयार गरि लागू गरिनेछ।

५. स्वदेश तथा विदेशबाट उद्यम तथा व्यवसायका विषयमा अनुभव, सीप र ज्ञान हासिल गरेका नगरबासीहरुको तथ्याङ्क सङ्कलन गरि उक्त ज्ञान, सीप र क्षमता समुदायमा हस्तान्तरण गर्न सहजिकरण गरिनेछ।

६. नगर क्षेत्रभित्र रहेका श्रमिकहरुको अनुभव, दक्षता, सीप, ज्ञान सहित व्यक्तिगत विवरण समेटिएको अभिलेख अद्यावधिक गरि नगरपलिका **श्रम बैंक** स्थापना गरिनेछ।

७. श्रम बैंकमा आवद्ध श्रमिकहरुलाई नगर क्षेत्रभित्र हुने विकास निर्माण, सडक मर्मत, नाली सरसफाई, विपद् व्यवस्थापन, पर्यटन प्रवर्द्धन लगायतका क्षेत्रमा रोजगारीको अवसर प्रदान गरिनेछ।

### उद्योग तथा बाणिज्यः

१. नगरक्षेत्र भित्र रहेका सबैखाले उद्योगहरुको अभिलेख अद्यावधिक गरि उद्योग नियमन कार्यलाई प्रभावकारी बनाइनेछ।

२. उद्योगहरुको **"व्यवसायको सामाजिक उत्तरदायित्व"** र नगरपालिकाले अवलम्बन गरेको " **सार्वजनिक-निजि साझेदारी"** कार्यक्रम अन्तर्गत सहकार्य गर्न सकिने क्षेत्रको पहिचान गरि देवचुली नगरपालिकालाई लगानीमैत्री नगरपालिकाको रुपमा विकास गर्न पहल गरिनेछ।

३. नगरपालिकामा नियम अनुसार तिर्नुपर्ने कर नियमित रुपमा सबैभन्दा बढी तिर्ने र पचास जना भन्दा बढी स्थानीयलाई रोजगारी उपलब्ध गराउने उद्योगलाई नगरपालिकाबाट सम्मान गरिनेछ।
४. स्थानीय कच्चा पदार्थ, प्रविधि र सीपको प्रयोग गरि स्थानीय मौलिकता झल्काउने उत्पादनको प्रवर्द्धन गर्ने, घरेलु तथा लघु उद्योगहरुको स्थापनाका लागि सीप विकास र क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरणको लागि माथिल्ला निकायहरुसँगको समन्वय तथा सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ।
५. व्यवसाय दर्ता तथा नविकरण र बजार अनुगमन कार्यलाई प्रभावकारी बनाउन देवचुली उद्योग वाणिज्य संघ सँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
६. स्थानीय हाटबजार तथा व्यापार व्यवसायको उचित व्यवस्थापनका लागि नगरपालिकामा रहेका बजार व्यवस्थापन समितिहरुलाई सक्रिय बनाई सहकार्य गर्ने नीति लिइनेछ।

**कृषिः**

**उत्पादन तथा बजार व्यवस्थापन प्रणाली**

१. कृषि आधुनिकिकरण, कृषि तथ्याङ्क तथा सुचना व्यबस्था, भूमि बैंक स्थापना, बजार तथा उत्पादन व्यवस्थापन प्रणालीका लागि **"नतिजामूखी कृषि प्रविधि प्रणाली"** (**Result Oriented Agriculture Digitized System**) विकास गरिनेछ।
२. लागत मूल्यमा निश्चित प्रतिशत बचत हुने सुनिश्चित गरेर हरेक बाली बस्तुको न्यूनतम समर्थन मूल्य तोक्ने काम र त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।
३. **"एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक बिशेष उत्पादन"** नीति अबलम्वन गरेर नगरपालिकामा शितगृह र कृषि भण्डारणसहितको सुबिधाजनक कृषि उपज संकलन तथा बिक्रि वितरण केन्द्र स्थापना गरिनेछ।भौगोलिक हिसाबले पायक पर्ने स्थान छनौट गरि संकलन केन्द्रका बिभिन्न इकाईहरु निर्माण गरिनेछ।
४. उत्पादित कृषि उपजलाई संकलन केन्द्रका इकाई र कृषि उपज संकलन तथा बिक्रि वितरण केन्द्रसम्म ओसारपसार गर्न नगरपालिकामा कृषि एम्बुलेन्सको व्यबस्था गरिनेछ।

**कृषि अनुसन्धान परिषद्, कृषि विश्वविद्यालय एवम् अध्ययन संस्थान र सरकारी तथा गैह्र सरकारी संघ संस्थासँग सहकार्य**

१. रैथाने बालीको संरक्षण र प्रवर्द्धन गर्न, बिऊ बिजन तथा कृषिजन्य जैविक विविधता संरक्षण गर्न अनुसन्धान कार्यक्रमका लागि आवश्यक समन्वय गरिनेछ।
२. नयाँ बालीको अनुसन्धान तथा परिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास सहायतालाई देवचुली नगरपालिकाको दीर्घकालिन हितमा केन्द्रित गरिनेछ।

**तरकारी**

१. **"एक घर एक करेसाबारी"** अभियान सञ्चालनका लागि प्रत्येक समूहमा तरकारी नर्सरी स्थापना गरिनेछ।

२. नगरपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउन विभिन्न तरकारी बालीको पकेट क्षेत्र स्थापना गरि व्यावसायिक उत्पादन गर्न जोड दिइनेछ।

**फलफूल**

१. युवा लक्षित व्यावसायिक पुष्प तथा फलफूल खेतिका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२. कृषकबाट प्राप्त हुने मागका आधारमा फलफूलका बिरुवा वितरणमा ५० प्रतिशत अनुदानको व्यबस्था गरिनेछ।

**खाद्यान्न बाली**

१. बाली विशेष पकेट क्षेत्र स्थापना गरि व्यावसायिक चैते धान, वर्षे धान, गहुँ र मकै उत्पादनको क्षेत्र बिस्तार गरिनेछ।

२. खाद्यान्न बालीको बिऊमा आत्मनिर्भर हुनका लागि मूल तथा प्रमाणित बिऊ वितरण गरिनेछ।

३. देवचुली नगरपालिकाको पहाडी भूभागमा मकै बालीको प्रवर्द्धन गरिनेछ।

**मल**

१. जैविक तथा प्राङ्गारिक मलको उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ।

२. उपलब्ध रासायनिक मलको दररेट विभिन्न सूचना तथा सञ्चार माध्यमबाट सबै नगरबासीलाई जानकारी गराई उक्त मूल्यको कार्यान्वयन कडाइका साथ गरिनेछ।

३. रासायनिक मलको वैकल्पिक स्रोतको रुपमा गोठे मल तथा मूत्रको वैज्ञानिक व्यवस्थापन गरिनेछ।

**सिंचाई**

१. तत्काल सिंचाई सुबिधा उपलब्ध हुन नसक्ने सुख्खा क्षेत्रमा वर्षातको पानी जम्मा गरि सिंचाईमा प्रयोग गर्ने नमूना आयोजनाको सम्भाव्यता अध्ययन गरिनेछ।

२. सिंचाई उपभोक्तालाई सूचिकृत गरि व्यवस्थापन गरिनेछ।

३. प्राकृतिक सिंचाई स्रोत सम्भाव्यता अध्ययन गरि सिंचाई व्यवस्थापनका लागि पहल गर्दै सतह सिंचाईमा विशेष प्राथमिकता दिइनेछ।

**बाँझो जग्गा एवम् वन क्षेत्रमा कृषि**

१. नगरभित्रका उपयोगमा नआएका तथा बाँझो रहेका जग्गामा कृषि खेती प्रवर्द्धन गर्न युवा, सहकारी तथा समूह लक्षित अनुदानका कार्यक्रम ल्याइनेछ।
२. नगरपालिकाका विभिन्न शाखा तथा वडा कार्यालयसँग आवश्यक समन्वय गरि नदी उकास जग्गामा फलफूल खेती गर्न प्रोत्साहन गरिनेछ।
३. सम्भाव्य वन क्षेत्रमा कृषिजन्य बाली तथा फलफूल उत्पादनको प्रवर्द्धन गरिनेछ।

**माटो तथा बाली संरक्षण**

१. वडा स्तरीय माटो परिक्षण तथा आकस्मिक एवम् स्थलगत बाली उपचार शिविर सञ्चालन गरिनेछ।
२. माटो परिक्षणको आधारमा आवश्यक चुन तथा जिप्सममा अनुदानको व्यबस्था गरिनेछ।
३. माटो परिक्षण प्रयोगशालालाई सुबिधा सम्पन्न तथा स्तरीय बनाइनेछ।
४. बालीनालीमा विषादिको अनियन्त्रित प्रयोग न्यूनिकरणका लागि अभियान सञ्चालन गरिनेछ।

**अन्य**

१. नगरपालिका भरि नै बाली बिमामा पहुँच बिस्तार गर्न आवश्यक सहुलियत र सहजिकरण गर्दै प्रभावकारी बिमा प्रणाली लागू गरिनेछ।
२. दलहन तथा तेलहन बालीमा उत्पादनमा आधारित अनुदानको व्यबस्था गरिनेछ।
३. देवचुली नगरपालिकाका वन तथा पहाडी क्षेत्रमा अदुवा एवम् बेसार खेतीको प्रवर्द्धन गरिनेछ।
४. मौरीपालक कृषकका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
५. नगरको कृषि पर्यटन प्रवर्द्धनका लागि पहाडी क्षेत्र एवम् नारायणी नदी आसपासका क्षेत्रलाई विशेष प्राथमिकतामा राखि सम्भाव्यता अध्ययन गरिनेछ।
६. उत्कृष्ट कृषक तथा कृषि समूहको पहिचान गरि सम्मान गरिनेछ।

**पशु सेवाः**

१. पशुजन्य उत्पादन प्रवर्द्धनका लागि उन्नत नश्लसँग प्राकृतिक गर्भाधान तथा कृत्रिम गर्भाधान मार्फत् नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. नगरलाई पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन विभिन्न पशु पकेट क्षेत्रलाई सुदृढ गर्न थप सहयोग प्रदान गरिनेछ।
३. घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न पशुपालक कृषकहरुका लागि **"वर्षैभरि हरियो घाँस"** कार्यक्रम सञ्चालन गरिनेछ।
४. पशुपालक कृषकहरुका लागि पशुआहार सहज उपलब्ध गराउन यसै वर्षदेखि साईलेज उद्योग स्थापना गरि पूर्ण रुपमा सञ्चालनमा ल्याइनेछ।
५. साईलेज उद्योगलाई लागि मकै खेती गर्ने कृषकहरुलाई निशुल्क हाईब्रिड जातको मकैको बिऊ वितरण तथा जैविक मल गोवर मल उत्पादनमा/शत प्रतिशत अनुदान उपलब्ध गराइनेछ।
६. पशुपालन व्यवसायको लागत न्यूनिकरण गर्नका लागि व्यावसायिक पशुपालकहरुलाई कृषि यान्त्रिकीकरण कार्यक्रममा समावेश गरिनेछ।
७. पशुपन्छी बिमा कार्यक्रमलाई सर्वसुलभ बनाउन तथा बिस्तार गर्न कृषकहरुले बुझाउनुपर्ने बिमाको प्रिमियममा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ।
८. पशु सेवा शाखामा रहेको आधारभुत प्रयोगशालालाई थप व्यबस्थित गरि रगत परिक्षण सेवा प्रदान गरिनुका साथै जीवाणु कल्चर सेवा सहितको पशु स्वास्थ्य प्रयोगशाला स्थापना गरि सञ्चालनमा ल्याइनेछ।
९. पशुपन्छीका आन्तरिक तथा बाह्य परजिबी बिरुद्ध निशुल्क औषधि उपलब्ध गराइनेछ।
सामुदायिक कुकुरहरुको संख्यामा कमि ल्याउन सामुदायिक कुकुरहरुको स्थायी बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१०. नगरक्षेत्रभित्रका घरपालुवा र सामुदायिक कुकुरहरुका लागि रेविज रोग बिरुद्ध खोप कार्यक्रमको निरन्तरता दिंदै पशुपन्छीमा लाग्ने अन्य सरुवा रोग तथा महामारी नियन्त्रणको लागि **"देवचुली नगर, पूर्ण पशुपन्छी खोप युक्त नगर"** बनाइनेछ।
११. नगरपालिकाका सबै वडाहरुमा १ दिने निशुल्क वडा भेटेरीनरी क्लिनिक सञ्चालन गरिनेछ।
१२. नगरपालिकामा रहेका कृषकको अभिलेख तथा तथ्याङ्कका लागि कृषक दर्ता प्रक्रिया नियमित गरि कृषि परिचयपत्र उपलब्ध गराइनेछ।

**भू-संरक्षण तथा भू-उपयोगः**

१. वडा कार्यालयसँगको समन्वयमा प्रत्येक वडाहरुमा रहेको सरकारी तथा सार्वजनिक जग्गाहरुको अभिलेख तयार गरि संरक्षणका लागि पहल गरिनेछ।
२. प्रचलित कानुन बमोजिम नगर क्षेत्रभित्रको जग्गालाई वर्गीकरण गरि सो को प्रभावकारी कार्यान्वयन गरिनेछ।

३. राष्ट्रिय भूमि आयोगसँगको सहकार्यमा सुकुम्बासी तथा अव्यबस्थित बसोबासीहरुको लागि जग्गाधनी पूर्जा उपलब्ध गराउने सम्बन्धमा जग्गा नापजाँच कार्यलाई यथाशिघ्र सम्पन्न गरि सो को जानकारी जिल्ला भूमि आयोगलाई गराइनेछ।

**राजस्वः**

१. राजस्व प्रशासनलाई प्रभावकारी बनाउन आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

२. राजस्व प्रशासन करदातामैत्री हुनुपर्ने मान्यतालाई आत्मसात् गर्दै राजस्व संकलन प्रक्रियालाई सहज बनाउनका लागि प्रविधिसँग आवद्ध गर्दै नगरपालिकामा बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर र शुल्क **"अनलाइन पेमेन्ट"** प्रक्रिया सुरु गरि लागू गर्दै लगिनेछ।

३. राजस्व सुधार कार्ययोजनाले पहिचान दायरामा वृद्धि गर्न कवाडी संकलन कर, विज्ञापन कर, निकासी कर लगायतका करको दायरा फराकिलो बनाई नगरको आन्तरिक आम्दानीमा वृद्धि गरिनेछ।

४. घरबहालमा दिने घरधनीहरुलाई करको दायरामा ल्याउनका लागि **"घरबहाल निर्देशिका, २०८०"** तयार गरि लागू गरिनेछ।

५. निजी जग्गाबाट हुने ढुङ्गा तथा माटोको उत्खनन् कार्य बापतको रोयल्टी संकलनको कार्य ठेक्का प्रक्रियाबाट गर्न आवश्यक पहल गरिनेछ।

६. नगर भित्रका कच्ची\पक्की सबै घरहरुको नियम अनुसार नक्सापास वा अभिलेखिकरण गरि भौतिक संरचनाबाट प्राप्त हुने सम्पत्तिकर संकलनलाई कडाइका साथ लागू गरिनेछ।

७. सम्पूर्ण करदाताको विवरण डिजिटल प्रणालीमा आवद्ध हुने गरि **"स्मार्ट ट्याक्स पेयर कार्ड"** प्रयोग गर्ने प्रणालीको विकास गरिनेछ।

८. राजस्व अनुगमन कार्यलाई प्रभावकारी बनाउन विशेष राजस्व अनुगमन समिति गठन गरि परिचालन गरिनेछ।

**वन तथा पर्यटनः**

१. **"वनको उत्पादनमा अभिवृद्धि, नागरिकको जीवनयापनमा समृद्धि"** कार्यक्रम कार्यान्वयन गरि वन उत्पादनलाई उद्यमशिलतासँग जोड्न नगरभित्रका सामुदायिक वनसँगको सहकार्यमा वनको खाली क्षेत्रमा अमरिसो, डालेघाँस, बेसार खेती, विभिन्न प्रजातीका फलफूल तथा स्थानीय जडिबुटीका बोटबिरुवा रोप्ने नीति लिइनेछ।

२. देवचुलीको समग्र पर्यटनमा बढोत्तरी हुने गरि देवचुली-२ स्थित शास्वतधाममा आउने पर्यटकलाई पदमार्गबाट देवचुली चुचुरोसम्म लैजाने र किर्तिपुर-बन्दिपुर-बाह्रकोल हुँदै पिप्रहर र सिसवार बोटे-माझी होमस्टेसँग जोड्ने **"हाईकिङ पाथ"** तथा नारायणी किनारमा **"साईक्लिङ पाथ"** समेत निर्माण हुने गरि **"देवचुली पर्यटन गुरुयोजना"** सम्बन्धी कार्य अगाडी बढाइनेछ।

३. पिप्रहर तथा सिसवार बोटे-माझी होमस्टेको प्रचार प्रसार हुने कार्यक्रमहरु सञ्चालन गर्ने र पर्यटकीय पूर्वाधार निर्माणका लागि बजेट व्यवस्थापन गर्न तथा होमस्टेमा संलग्न सदस्यहरुको आयआर्जनमा वृद्धि हुने किसिमका कार्यक्रम सञ्चालनको लागि सङ्घीय सरकार तथा प्रदेश सरकारसँग पहल गरिनेछ।

४. देवचुली डाँडाको प्रवेश विन्दुका रुपमा रहेको देवचुली ६ स्थित किर्तिपुरलाई पर्यटन उन्मूख गाउँका रुपमा पहिचान गरि किर्तिपुर मगर सामुदायिक होमस्टे सञ्चालनका लागि पहिलो चरणको अभिमुखिकरण सम्पन्न भई समिति गठन भैसकेकोमा यसै आर्थिक वर्ष देखि होमस्टे सञ्चालनका लागि पहल गरिनेछ।

५. खेलकुद पर्यटनको सम्भाव्यता अध्ययन गरि देवचुली १ र १७ को नारायणी किनारमा रहेको जग्गामा राष्ट्रिय स्तरको खेलकुद रंगशाला निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

**श्रम तथा रोजगारः**

१. आन्तरिक रोजगारी सिर्जना गर्न निजी, सहकारी तथा गैह्र सरकारी क्षेत्र तथा सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्ने नीति अनुसार रोजगारीमा वृद्धि गरिनेछ।

२. **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** लाई अझ प्रभावकारी हुने गरि कार्यान्वयनमा लगिनेछ।

३. नगरपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारलाई **"युवा रोजगारीका लागि रुपान्तरण पहल"** आयोजनाहरु र **"कामका लागि पारिश्रमिक"** मा आधारित सामुदायिक आयोजनाहरु सङ्घीय बजेट तथा स्थानीय तहको बजेट साझेदारीमा सञ्चालन गरि प्रभावकारी बनाइनेछ।

४. श्रम डेस्क स्थापना गरि अनौपचारिक क्षेत्रका श्रमिकहरुको अभिलेख तयार गरि उनीहरुको श्रम संरक्षणको लागि पहल गरिनेछ।

५. रोजगार सेवा केन्द्रमा सूचिकृत प्रत्येक वडाका बेरोजगारमध्ये कम्तिमा बिस जना श्रमिकको पहिचान गरि स्थानीय तहमा सञ्चालन हुने श्रममुलक योजनाहरु र विकास निर्माणका आयोजनाहरुमा अनिवार्य काममा आउने गरि आयोजना मजदुरको रुपमा सहभागी गराइनेछ।

६. **"परदेशबाट युवाले ल्याएको सीप र ज्ञान, समृद्ध देवचुलीमा योगदान"** लाई साकार पार्न वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको दक्षता, सीप, क्षमता र ज्ञान पहिचान गरि उनीहरुले गर्न चाहेको व्यवसाय उत्पादनमुलक र रोजगारमुलक भएमा विशेष अनुदान प्रदान गरिनेछ। साथै

यस्ता व्यावसायीहरुलाई विभिन्न बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाले प्रदान गर्ने सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि आवश्यक सहजिकरण गरिनेछ।

७. रोजगार सिर्जना हुन नसक्ने क्षेत्रमा कार्यरत मजदुरको सीप कृषि तथा पशुपालन जस्ता उत्पादनमुलक क्षेत्रमा रुपान्तरण गर्न सक्षम गराउने खालका तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**सहकारी विकासः**

१. सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन, नियमन र मुल्याङ्कन गरिनेछ।

२. नगरपालिका र सरोकारवाला संघ\संस्थाहरु समेतको साझेदारीमा सहकारी सचेतना, सहकारी व्यवस्थापन, सहकारी लेखा, सहकारी प्रविधि जस्ता तालिम लगायत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

३. एउटै विषयका बहुसंस्था सदस्यता, गैह्र सदस्य कारोबार, कार्यक्षेत्र बाहिरको कारोबार लगायत सहकारीको वित्तीय सुशासन प्रतिकूल कार्यलाई कडाइका साथ नियमन गरिनेछ।

४. समग्र नगरको आर्थिक तथा सामजिक रुपान्तरणका लागि सहकारी तथा वित्तीय क्षेत्रलाई परिचालन गर्ने नीति लिइनेछ।

५. सहकारीको माध्यमबाट गरिब, विपन्न वर्गका सदस्यको संलग्नतामा सञ्चालन हुने उत्पादन र लगानीमा आम नागरिकको पहुँच स्थापित गर्न सहकारी संस्था र नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

६. कृषकहरु समक्ष रासायनिक मल तथा बिऊ बिजन सहज रुपमा उपलब्ध गराउन स्थानीय सहकारी संस्थाहरुलाई परिचालन गर्ने नीति लिइनेछ।

७. उत्पादनमुलक सहकारी संस्थाहरुको कार्यक्षेत्र भित्र सञ्चालन गरिने विषयक्षेत्रका कार्यक्रमहरु सहकारी संस्था मार्फत् सञ्चालन गर्ने व्यबस्था मिलाइनेछ।

**सामाजिक विकास नीति -**

**शिक्षा, युवा तथा खेलकुदः**

१. **"प्रविधिमैत्री शिक्षा, आजको आवश्यकता"** कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन आवश्यक बजेटको व्यबस्था गरि आधारभूत तहलाई पूर्ण प्रविधिमैत्री बनाइनेछ।

२. बालविकास केन्द्रमा बालबालिकामैत्री सिकाई सामग्री र बालबालिकाको बसाइलाई व्यबस्थित गराउन आवश्यक बजेटको विनियोजन गरिनेछ।

३. विद्यार्थी संख्या र भूगोल समेतका आधारमा विद्यालयको समायोजन र शिक्षक दरबन्दी मिलानलाई जोड दिंदै सिकाई क्रियाकलापको गुणस्तर वृद्धिका लागि अभिभावक-शिक्षक व्यवहारिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

४. **"शिक्षासंगै इलम र जिम्मेबारी"** भन्ने भनाइको सारलाई आत्मसात् गरि सिकाइलाई जिवनपयोगी बनाउन कृषिको आधारभूत ज्ञान, सरसफाई र फोहरमैला व्यवस्थापन, स्थानीय संस्कृति एवम् ऐतिहासिक महत्वका स्थलहरुको जानकारी र स्थानीय उत्पादनबारे गर्न सकिने खोजका विषयहरु सहितको स्थानीय पाठ्यक्रम तयार गरि लागू गरिनेछ।

५. विद्यालय अनुगमन, अवलोकन र नियमित निरिक्षणका आधारमा गरिने मूल्याङ्कन पद्दतिलाई निरन्तरता दिइनेछ।

६. विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा जोड दिइनेछ।

७. विद्यालयको गुणस्तर सुधारका निम्ति सामुदायिक विद्यालयहरुमा प्रतिष्पर्धाका माध्यमबाट प्रधानअध्यापक छनौट गर्ने नीति लिइनेछ।

८. बालबालिकाहरुलाई अतिरिक्त क्रियाकलाप **(ECA)** तथा जीवन उपयोगी ज्ञान र कलातर्फ आकर्षित हुने गरि विद्यालयहरुलाई क्रमशः **"झोलाबिहिन शुक्रबार"** बनाउने नीति लिइनेछ।

९. नगर शिक्षा योजनाले तय गरेका नीति अनुरुप वार्षिक कार्य योजना तयार गरि कार्यान्वयन गरिनेछ।

१०. विद्यालयका शिक्षण क्रियाकलाप व्यवस्थापनका लागि आवश्यक स्वयमसेवक शिक्षक तयार गर्ने नीति लिइनेछ।

११. नगरपालिकामा रहेका सामुदायिक सिकाइ केन्द्रहरुलाई क्रियाशिल बनाई सिकाई केन्द्र मार्फत् नियमित रुपमा साक्षरता तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२. गरिब, विपन्न तथा सीमान्तकृत वर्गका विद्यार्थीहरुको शिक्षण सिकाइलाई प्रोत्साहन गर्न छात्रवृत्ति वितरणको व्यबस्था मिलाइनेछ।

१३. नगर युवा तथा खेलकुद विकास समिति र वडा स्तरीय युवा तथा खेलकुद विकास समितिलाई अझ सक्रिय बनाई वार्षिक कार्यतालिका निर्माण गरि विद्यालय तथा नगरस्तरीय सचेतना र खेलकुद गतिविधिहरु सञ्चालन गरिनेछ।

१४. नगरभित्र रहेका खेलमैदानहरु पहिचान, संरक्षण र स्तरवृद्धि गर्न आवश्यक पहल गरिनेछ।

१५. देवचुली नगर रङ्गशाला निर्माणका लागि आवश्यक पर्ने बजेट व्यवस्थापनका लागि सङ्घीय तथा प्रदेश सरकारसँग अनुरोध गरिनेछ।

१६. नगरभित्र रहेका युवा क्लब तथा खेलकुद सम्बद्ध संस्था\समितिसँगको समन्वयमा आवश्यक खेल सामग्री खरिद गरि खेल प्रशिक्षण सञ्चालन गरिनेछ।

१७. राष्ट्रियस्तरमा आयोजना हुने खेलहरुका लागि नगरस्तरीय पुरुष तथा महिला टिम निर्माण गरि जिल्ला स्तरमा हुने प्रतियोगिताहरुमा टिमको सहभागिता अनिवार्य गर्ने नीति लिइनेछ।

१८. नेपालको प्रतिनिधित्व गर्दै देवचुली नगरपालिकाका खेलाडीहरु सम्मिलित **"सेपाक-तात्क्रो"** विश्वकप खेलमा तेस्रो स्थान दिलाउन उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीलाई सम्मान गर्दै राष्ट्रिय स्तरको सेपाक-तात्क्रो प्रतियोगिताको सञ्चालनका लागि नेपाल खेलकुद परिषदसँग आवश्यक सहकार्य गरिनेछ।

१९. खेलाडीहरुमा हुन सक्ने सम्भावित दुर्घटनाको क्षति न्यूनिकरणको सम्बोधन गर्न नगरस्तरीय खेलकुदमा सहभागी हुने खेलाडीहरुका लागि खेल अवधि भरिको दुर्घटना बिमा गर्ने व्यबस्था मिलाइनेछ।

२०. युवा वर्गका मानसिक तथा शारिरीक स्वास्थ्यलाई प्राथमिकतामा राख्दै खेलकुद कार्यक्रम तथा लागूपदार्थ दूर्व्यसनी न्यूनिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२१. युवा लक्षित जीवन जिउने कला एवम् सकारात्मक सोंच सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

**स्वास्थ्यः**

**आधारभूत स्वास्थ्य सेवाः**

१. आधारभूत स्वास्थ्य सेवाहरु नगरका सबै वडाहरु र स्वास्थ्य संस्थाहरुबाट निःशुल्क उपलब्ध गराईनेछ।

२. नगरपालिकाको स्रोत साधन प्रयोग गरी स्वास्थ्य संस्थाहरुबाट आधारभूत स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।

३. आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेश तथा संघीय सरकारबाट आवश्यकता अनुसार नीतिगत कानुनी तथा संस्थागत व्यवस्था गरिनेछ।

४. नेपाल सरकारले निःशुल्क वितरणको लागि तोकिएका सबै प्रकारका अत्यावश्यक औषधिहरु स्वास्थ्यकर्मीले सिफारिस गरे अनुसार निःशुल्क वितरण गरिनेछ।

**देवचुली नगर अस्पतालः**

१. देवचुली नगर अस्पतालबाट नेपाल सरकार स्वास्थ्य मन्त्रालयले तोकेको समयावधिभर चिकित्सक तथा स्वास्थ्यकर्मीहरुबाट बहिरंग सेवा सञ्चालन गरिनेछ।

२. आकस्मिक सेवा २४ सै घण्टा सञ्चालन गरिनेछ।

३. बर्थिङ्ग सेन्टर, प्रयोगशाला, फार्मेसी, एक्सरे, टिकट काउन्टर सेवा २४ सै घण्टा सूचारु गरिनेछ।
४. विशेषज्ञ डाक्टरहरुबाट हप्ताको २ दिन सोमबार र बिहिबार भिडियो एक्सरे सेवा नियमित सञ्चालन गरिनेछ।
५. गुणस्तरीय सेवा सञ्चालनको लागि आवश्यक जनशक्ति र साधन स्रोतको व्यवस्था गरिनेछ।
६. बिमा सेवालाई बहिरंग सेवा बाहेक आकस्मिक सेवामा समेत दिने व्यवस्था मिलाईनेछ।
७. अस्पतालबाट अन्तरंग सेवा सञ्चालन गरी बिरामीलाई भर्ना गरेर उपचार गरिनेछ।
८. कुकुरले टोकेको र सर्पदंशको निःशुल्क भ्याक्सिन सहित प्राथमिक उपचारको व्यवस्था गरिनेछ।
९. अति शिघ्र कुपोषित बच्चाहरुलाई निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ।
१०. पोषण, परिवार नियोजन, क्षयरोग, कुष्ठरोग, खोप, सुरक्षित मातृत्व, महामारीजन्य रोग लगायतको सेवा नियमित रुपमा दिईनेछ।

**महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाः**

१. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कामको उच्च मूल्याङ्कन गर्दै सबैलाई मासिक रुपमा नगरपालिकाबाट प्रोत्साहनको व्यवस्था गरिनेछ।
२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई वर्षको २ पटक अर्धवार्षिक र वार्षिक समिक्षा गरी काममा गुणस्तरता बढाइनेछ।
३. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले आफ्नो सेवाबाट अवकास लिएको अवस्थामा नगरबाट आवश्यक बजेट व्यवस्थापन गरी सम्मान गरिनेछ।
४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको वार्षिक दिवसमा उत्कृष्ट ४ जनालाई सम्मान तथा विभिन्न कार्यक्रम गरी मनाईनेछ।

**स्वास्थ्य बिमाः**

१. स्वास्थ्य बिमा गर्ने सम्पूर्ण नगरबासीको औषधि तथा स्वास्थ्य उपचार र पोषणको व्यवस्थापन देवचुली नगर अस्पतालबाट गर्ने व्यवस्था मिलाइनेछ।
२. नगर भित्रका अति गरिब, विपन्न नागरिकलाई निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था मिलाईनेछ।
३. नगरभित्रका जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था नेपाल सरकारले गरेको हुँदा सबै जेष्ठ नागरिकलाई घरघरमा गएर बिमा गर्नका लागि बिमा दर्ता सहयोगीलाई थप सक्रिय पारिनेछ।
४. बिमा दर्ता सहयोगीहरुलाई पुनर्ताजगी **(Refresher)** तालिमको व्यवस्था गरिनेछ।

**पोषणः**

१. नगरभित्रका सबै वडा र स्वास्थ्य संस्थालाई पोषणमैत्री गराउँदै लगिनेछ।
२. पाँच वर्ष मुनिका सबै बालबालिकाको पोषण स्क्रिनिंग कार्यक्रम सञ्चालन गरी कुपोषित बालबालिकाहरुलाई समयमै उपचारको व्यवस्थापन गरिनेछ।
३. विद्यालय दिवा खाजा कार्यक्रममा पोषणयुक्त खाजाको व्यवस्थापन सम्पूर्ण सामुदायिक विद्यालयबाट गरिनेछ।
४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई हरेक महिना आफ्नो वडाको बालबालिकको पाखुराको नाप गरी पोषण अवस्थाबारे जनचेतना जगाउने व्यवस्था मिलाइनेछ।

**पूर्ण खोप तथा दीगोपनाः**

१. नगरभित्रका २-३ महिना मुनिका सबै बालबालिकाहरुलाई पूर्ण खोप लगाउन आवश्यक व्यवस्थापन सहित सबै वडामा स्वास्थ्यकर्मी प्रत्येक महिना खटाउने व्यवस्था मिलाइनेछ।
२. नगरभित्रका १६ महिनादेखि ५ वर्ष सम्मका सबै बालबालिकाहरुको तथ्याङ्क लिएर १५ महिना भित्र पूर्ण खोप पाए नपाएको एकिन गरी यदि पूर्ण खोप नपाएको भएमा तत्काल खोप लगाई सबै वडामा पूर्ण खोप सुनिश्चितता कायम गर्दै नगरलाई पूर्ण खोप दिगोपना कायम गरिनेछ।

**परिवार नियोजनः**

१. परिवार नियोजनको निःशुल्क सेवा सम्पूर्ण वडा र टोलमा लैजान नगरको सबै वडामा रहेका स्वास्थ्य संस्थाहरुबाट आवश्यक व्यवस्थापन गरिनेछ।
२. नगरको अति दुर्गम र पिछडिएको बस्तीमा वर्षको १ पटक परिवार नियोजनको घुम्ती शिविर सञ्चालन गरिनेछ।

**सुरक्षित मातृत्व सेवाः**

१. नगरको सबै स्वास्थ्य संस्थाबाट गर्भ परीक्षण र उत्तर प्रसुती परीक्षण सेवाको व्यवस्था गरिनेछ।
२. देवचुली नगर अस्पताल र देवचुली स्वास्थ्य चौकीबाट २४ सै घण्टा निःशुल्क सुरक्षित प्रसुती सेवा सञ्चालन गरिनेछ।
३. देवचुली नगर अस्पताल र देवचुली स्वास्थ्य चौकीबाट कार्यालय समयमा १० हप्ता सम्मको गर्भ औषधिद्वारा तालिमप्राप्त स्वास्थ्यकर्मीबाट सुरक्षित तरिकाले निःशुल्क गर्भपतनको व्यवस्था गरिनेछ।

४. नगरको दुर्गम बस्ती किर्तिपुर, बन्दीपुर, कुम्सोत, बाह्रकोल, बेलस्वाराबाट नगरको बर्थिङ्ग सेन्टरमा आई सुरक्षित सुत्केरी सेवा लिएमा प्रति सुत्केरी यातायात खर्चबापत रु. १,५००।- प्रोत्साहनको व्यवस्था मिलाइनेछ।
५. उत्तर प्रसुती सेवा अन्तरगत सुत्केरी महिला र नवजात शिशुको स्वास्थ्य परीक्षणको लागि नर्सिङ कर्मचारीलाई घरघरमा खटाईने व्यवस्था मिलाईनेछ।
६. नगरभित्रका महिलाहरुको स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरको स्क्रिनिंग गर्न सम्भव भएसम्म सबै वडामा डाक्टर सहितको स्क्रिनिंग शिविर सञ्चालन गरिनेछ।
७. घरमा शुन्य सुत्केरी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
८. देवचुली नगर अस्पताल, दुम्कौलीबाट मासिक रुपमा पाठेघरको मुखको क्यान्सर रोग जाँच **VIA** विधिबाट गर्ने व्यवस्था मिलाइनेछ।

**क्षयरोग तथा कुष्ठरोग नियन्त्रणः**

१. नगरभित्रका सबै स्वास्थ्य सस्थाहरुबाट क्षयरोग तथा कुष्ठरोगको औषधि निशुल्क वितरण गरिनेछ।
२. नगरका संकास्पद क्षयरोगी र कुष्ठरोगि रहेको बस्तीमा निशुल्क क्षयरोग तथा कुष्ठरोग परिक्षण तथा स्क्रिनिंग शिबिर संचालन गरिनेछ।
३. बिद्यालयहरुमा क्षयरोग तथा कुष्ठरोग सम्बन्धि स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ।
४. क्षयरोग निदानको लागि देबचुली नगर अस्पताल र रजहर स्वास्थ्य चौकीमा प्रयोगशाला सहितको स्वास्थ्यकर्मीको ब्यबस्थापनलाई निरन्तरता दिइनेछ।

**नसर्ने रोगः**

१. नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणको लागि व्यक्ति,परिवार,समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउन समुदाय स्तरमा आबश्यक सचेतनाको कार्यक्रम संचालन गरिनेछ।
२. सरुवा रोग (कोभिड-१९, डेंगु, मलेरिया, कालाजार, जापानिज ईन्सेफलाइटिस) किटजन्य रोग, पशुपन्छी जन्य रोग, जलबायु परिबर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद व्यबस्थापन पुर्ब तयारी तथा प्रतिकार्यको एकीकृत उपायहरु अबलम्बन गरिनेछ।
३. महामारी फैलिएको संकास्पद व्यक्तिहरुको नमुना संकलन गरि आबश्यक परिक्षणको लागि प्रदेश तथा केन्द्रीय प्रयोगशालामा पठाउने व्यवस्था मिलाइनेछ।
४. नगर भित्रका सबै स्वास्थ्य सस्थामा द्रुत प्रतिकार्य टिम **(RRT)** गठन गरि तयारी अबस्थामा राखिनेछ।

**जेष्ठ नागरिक स्वास्थ्य सेवाः**

१. आ.व. २०७९/०८० देखि शुरु भएको नगरपालिका भित्रका ६८ वर्षमाथिका जेष्ठ नागरिकहरुलाई कार्यविधि बमोजिम मासिक रुपमा वडा स्तरमा र वार्षिक दुई पटक (६/६ महिनामा) स्वास्थ्यकर्मीहरु घरघरमै गएर अशक्त जेष्ठ नागरिक तथा अपाङ्ग व्यक्तिहरुलाई स्वास्थ्य परीक्षण, प्रेषण, परामर्श, सामान्य औषधिको व्यवस्था मिलाईनेछ।

**आयुर्वेदः**

१. नगर क्षेत्रभित्र नसर्नेरोग न्यूनिकरणका लागि संचालनमा रहेका आयुर्वेद गाँउघर/शहरी क्लिनिक मार्फत नियमित सेवा प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
२. जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धनका लागि रसायन युक्त आयुर्वेद औषधि वितरणको व्यवस्था मिलाइनेछ।
३. पञ्चकर्म,पूर्वकर्म (स्नेहन, स्वेदन) कार्यक्रमलाई थप व्यवस्थित गरि नियमित रुपमा गुणस्तरीय सेवा उपलब्ध गराइनेछ।
४. आमा र बच्चाको पोषण शुरक्षाको लागि  जडिबुटी जन्य आयुर्वेद औषधिको उचित व्यबस्था मिलाइनेछ।
५. विद्यालय आयुर्वेद तथा योग शिक्षाका माध्यमबाट विद्यार्थी तथा शिक्षकलाई आयुर्वेद तथा योग मार्फत् स्वस्थ जिवनयापन गर्ने  कार्यक्रम सञ्चालन गरिनेछ।
६. स्थानीय स्तरमा उपलब्ध जडिवुटीहरु लाई गुण र उपयोगिताको आधारमा उचित प्रयोग गर्नका लागि स्थानीय जनतालाई जडिबुटी सम्बन्धी तालिम दिने व्यबस्था मिलाइनेछ।
७. स्वस्थ जीवनशैलीका लागि योग, ध्यान र सकारात्मक सोंच सम्बन्धी प्रशिक्षण सञ्चालन गरिनेछ।
८. विभिन्न माहामारीहरुलाई लक्षित गरि आयुर्वेद शाखाबाट रोग प्रतिरोध क्षमता बढाउने आयुर्वेद औषधि वितरणको व्यवस्था मिलाइनेछ।
९. नगर क्षेत्रभित्र विभिन्न ठाँउमा नि-शुल्क आयुर्वेद स्वास्थ्य शिबिर सञ्चालन गरिनेछ।

**अपाङ्गता, महिला, बालबालिका, जेष्ठ नागरिक, सामाजिक समावेशिताः**

१. **"महिलासँग उपमेयर"** कार्यक्रम अन्तर्गत छात्रा लक्षित, महिला सशक्तिकरण एवम् उद्यम र इलम सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

२. देशको पहिलो एवम् नगरकै गौरवको विषयको रुपमा लिइएको देवचुली-१० स्थित निर्माणका क्रममा रहेको **"बालिका अध्ययन तथा सिकाई स्रोत केन्द्र"** लाई विशेष प्राथमिकतामा राखिनेछ।

३. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षणका लागि नगरक्षेत्रभित्र विविध सचेतना कार्यक्रम सञ्चालन गरि अपाङ्गमैत्री संरचना निर्माणको पैरवी गर्दै अपाङ्गता परिचयपत्र वितरण, अपाङ्गता सहायता सामग्री वितरण साथै अवस्था हेरी आयआर्जनका लागि बिऊ पूँजी वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

४. संविधान प्रदत्त महिलाको हक सम्बन्धी विषयलाई प्राथमिकता दिंदै महिलाको आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५. नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी नीति तर्जुमा गरि सामावेशी तथा समन्यायीक विकासको अवधारणा अवलम्बन गरिनेछ।

६. महिलाहरुको आर्थिक विकासको लागि सीप विकास तालिम तथा आयआर्जनका लागि वस्तुगत टेवा प्रदान गरिनेछ।

७. महिला हिंसा तथा लैङ्गिक हिंसा विरुद्ध विभिन्न कार्यक्रम, महिला अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम, मानव बेचबिखन विरुद्ध अभिमुखिकरण कार्यक्रम र विभिन्न दिवसीय कार्यक्रम सञ्चालन गरिनेछ।

८. घरेलु हिंसाबाट प्रभावित व्यक्तिका लागि नगरपालिकामा स्थापना भएको लैङ्गिक हिंसा निवारण कोषबाट अबस्था हेरि आर्थिक सहयोग अन्तर्गत औषधी खर्च, यातायात खर्च, सेवा केन्द्र खर्च र आयआर्जनका लागि विऊ पूँजी समेत वितरण गरिनेछ।

९. एकल महिला माथि हुने घरेलु हिंसा न्यूनिकरण विरुद्ध सचेतना कार्यक्रम संचालन गर्दै उनीहरुका लागि आयआर्जनका कार्यक्रम सञ्चालन गरिनेछ।

१०. **"देवचुली नगरपालिकाको चाहाना, बालमैत्री शासनको दीगोपना"** लाई शुनिश्चित गर्दै बालमैत्री सूचकहरुको पुनरावलोकन र बाल प्रतिभा पहिचान हुने विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११. बाल क्लब तथा बालसञ्जालहरुको अगुवाई तथा सक्रियतामा बालअधिकार र बालसंरक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा निरन्तरता दिइनेछ।

१२. किशोरी सशक्तिकरणका लागि जीवन उपयोगी सीपमुलक तालिम र किशोरी आत्मरक्षा तालिम सञ्चालन गरिनेछ।

१३. बालबालिका र किशोर किशोरी लक्षित लागू पदार्थ दुर्व्यसनी तथा साईवर अपराध एवम् हिंसा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१४. सुनौला हजारदिनका आमा तथा किशोरीहरुका लागि पोषण र यसका फाइदा एवम् कुपोषणका कारण तथा यसका समाधानका उपायबारे जानकारी गराउँदै पोषणको अबस्थामा सुधार गर्न बहुक्षेत्रिय पोषण कार्यक्रम तथा अन्य सरोकारवालासँगको समन्वय र सहकार्यमा पोषणमैत्री नगरपालिका निर्माण गर्ने नीति लिइनेछ।

१५. **"जेष्ठ नागरिक अन्तरपुस्ता सीप हन्तान्तरण"** कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकका अनुभव, सीप र ज्ञानलाई समृद्ध देवचुली निर्माणमा उपयोग गरिनेछ।

१६. देवचुली नगरपालिकालाई **"छुवाछुतमुक्त तथा सामाजिक भेदभावरहित नगर"** बनाउने अभियान साकार पार्न समुदायस्तरमा **"छुवाछुतको अन्त्य र भेदभावरहित समाजको सिर्जना"** विषयक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरि यसको निरन्तरतामा जोड दिइनेछ।

१७. नगरस्तरीय दलित सञ्जाललाई सक्रिय बनाउँदै दलित समुदाय लक्षित कार्यक्रमहरु दलित सञ्जालकै नेतृत्वमा कार्यान्वयन गर्ने नीति लिइनेछ।

१८. आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्ने नीति लिइनेछ।

१९. समावेशी विकासको मर्म अनुसार आर्थिक, सामाजिक तथा सांस्कृतिक हिसाबले पछाडी परेका\पारिएका वर्ग तथा समुदायको मूलप्रवाहिकरणका लागि **"लक्षित वर्ग क्षमता विकास तथा प्रवर्द्धनात्मक"** कार्यक्रमको व्यवस्थापन गरि गरिवी निवारणका कार्यक्रमलाई थप प्रभावकारी, नतिजामूलक र व्यवहारिक बनाइनेछ।

<u>पूर्वाधार विकास नीति -</u>

**पूर्वाधारः**

१. नगरपालिकाको दीर्घकालिन हित हुने, आय वृद्धि हुने तथा ठूला पूर्वाधार निर्माणका निम्ति नगरपालिकाको बजेटले सम्बोधन हुन नसक्ने आयोजनाका हकमा नगर विकास कोष लगायत अन्य निकायबाट **ऋण तथा अनुदान लिने** र अन्य स्थानीय तहसँग **साझेदारीमा** योजना संचालन गर्ने व्यवस्था मिलाइनेछ। जस अन्तर्गत फोहरमैला व्यवस्थापन तथा स्रोत केन्द्र, नगर बसपार्क, ग्रीनरी पार्क, बोटानिकल गार्डेन, बहुउद्देश्यीय व्यावसायिक भवन, अन्नबाली संकलन तथा भण्डारण केन्द्र, पशु पन्छी दाना उद्योग, हाट बजार स्थल व्यबस्थापन, कृषि पूर्वाधार विकास र क्रसर उद्योगलाई प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गर्दै जाने नीति लिइनेछ।

२. पूर्वाधारहरु निर्माण गर्दा दिगो, वातावरणमैत्री, महिलामैत्री, बालमैत्री, किशोरीमैत्री तथा अपाङ्गमैत्री बनाउन प्रचलित नियम, कानुन तथा मापदण्ड बमोजिम गराउने नीति लिइनेछ।

३. जिल्ला दररेटलाई पुनरावलोकन गर्न तथा नगरस्तरीय दररेट लाई पुनरावलोकन गरी समयमा तोकिएको गुणस्तरीय निर्माण कार्यलाई प्राथमिकतामा दिइने छ।

४. रोजगारी सृजना हुने र मेसिनरी औजार प्रयोग नहुने २० लाख रकम सम्मका योजना संचालन गर्न उपभोक्ता समितिलाई प्राथमिकता दिइने छ।

५. उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकालसम्म आयोजनाको सञ्चालन, व्यवस्थापन र ५ लाख भन्दा माथिका आयोजनाहरुको मर्मतसम्भार गर्न मर्मत-सम्भार कोष स्थापना गरी स्वयं उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने नीति लिइनेछ।

६. नगरपालिका भित्र अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरुको छनौट गरी यस वर्षबाट बहुवर्षीय योजनाहरु समेत प्राथमिकतामा राखी उक्त योजनाहरुको लागि आवश्यकता अनुसार बजेट विनियोजन तथा सिफारिस गर्दै दिगो विकासको लक्ष्य हासिल गर्ने कार्य अगाडी बढाइनेछ।

७. कृषि उपज संकलन केन्द्र, खाद्यान्न भण्डारण केन्द्र, कोल्ड स्टोर रूम लगायतका संरचनाको अध्ययन सहित आवश्यक व्यवस्थापन निर्माण कार्यको थालनी गरिने छ।

८. नगरको पहिचान दिने, रोजगारी र स्वरोजगारी सृजना गर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिई गरिबी न्यूनिकरण एवम् समावेशी विकासबाट सामाजिक विभेद कम गर्दै जाने नीति लिइनेछ।

९. सडक, पुल, खानेपानी, विद्युत लगायतका अति-आवश्यक पूर्वाधारको नियमित मर्मत् सम्भार कार्यको निम्ति यस पूर्व स्थापित साना पूर्वाधार मर्मत सम्भार कोषलाई थप तथा निरन्तरता दिइनेछ।

१०. मानव तथा वन्यजन्तु बीचको द्वन्द निवारण गर्ने प्रयोजनका लागि तारजाली, मेषजाली, वाल, पोखरी लगायतका भौतिक संरचना निर्माणका लागि आवश्यक व्यवस्था अगाडी बढाईनेछ।

११. सडक, नाली लगायतका पूर्वाधार निर्माण गर्दा बिजुलिका पोल, तार र खानेपानी पाईप लाईनलाई व्यवस्थित गर्नको लागि सम्बन्धित पक्षहरुसँग आपसी समन्वय गरी कम लगानी र कम क्षति हुने गरी निर्माण कार्य गरिने छ।

१२. योजनाहरुको रकमान्तर र संशोधनलाई सकेसम्म कम गर्दै लैजाने, अति आवश्यक भएमा मात्र एक पटकका लागि नगरसभाले निर्णय अनुमोदन हुने गरि व्यवस्था मिलाइनेछ।

१३. नगरको गौरवको योजना रहेको नगर रिङरोड, खोलाहरु तटबन्ध, सिसवार क्षेत्र संरक्षण, सुरक्षित आवास, नगर अस्पताल निर्माण कार्यलाई निरन्तरता दिईने छ।

१४. **उज्यालो नगर** निर्माण गर्ने प्रयोजनका लागि विद्युत प्राधिकरण तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र संग आवश्यक समन्वय सहकार्य गरी सडक पेटीमा सडक बत्ति जडान गर्ने कार्यमा यस कार्यालयबाट आवश्यक पहल गर्ने नीति लिइनेछ।

१५. देवचुली वडा नं. १,१४,१५ र १७ स्थित नारायणी नदी किनारमा दाहसंस्कार घाट निर्माण तथा व्यवस्थापन गरी व्यवस्थित बनाईनेछ।

१६. प्रदेश राजधानी जोड्ने छोटो सडकको रुपमा रहेको दलदले धौबादी सडकको मुण्डे-किर्तिपुर-नयाँछाप-कुमसोत खण्डको विस्तृत परियोजना प्रतिवेदन निर्माण कार्यको अन्तिम चरणमा रहेकोले सोको निर्माण गर्नका लागि संघ र प्रदेश समेतको सहयोगमा चौडा बनाई स्तरोन्नति गरिनेछ।

१७. पूर्वाधार निर्माण अन्तर्गतका योजनाहरु चैत्र मसान्त सम्म सम्पन्न गरेका वडाहरुलाई प्रोत्साहन वापत थप योजना दिइने नीति लिइनेछ।

१८. सडक, पेटीमा अनधिकृत रुपमा राखिएका निर्माण सामग्रीहरुबाट तथा पोल, तार, खानेपानी, विजुली, टेलिफोन, संचार लगायतका संरचनाहरु निर्माण वा मर्मत कार्य गर्दा कालोपत्रे गरिएका सडकलाई हुन जाने क्षतिको सम्बन्धित निकायद्वारा क्षतिपुर्तिको व्यवस्था सुनिश्चतता पश्चात मात्र उल्लेखित कार्यहरु सञ्चालन गर्न सहमती प्रदान गरिने नीति लिइनेछ।

१९. कालोपत्रे, अस्फाल्ट सडक, जटिल प्रकारका निर्माण सम्बन्धी ठूला प्रकृतिका मेशिन औजारहरु प्रयोग गरी सम्पन्न गर्नुपर्ने २० लाख भन्दा माथिका योजनाहरुलाई ठेक्का प्रक्रियाद्वारा सञ्चालन गर्ने र सम्बन्धित सरोकारवालाहरुले अनुगमन गर्ने नीति लिइनेछ।

**नक्सा पास सम्बन्धी नीतिः**

१. नगरभित्र रहेका सिकर्मी, डकर्मी तथा निर्माण व्यवसायीलाई भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी  अभिमुखिकरण तथा तालिम संचालन, दर्ता तथा नवीकरण गरी नक्सापास तथा भूकम्पीय प्रतिरोधी घर निर्माण कार्यक्रमलाई कडाईका साथ लागु गरिने छ।

२. सार्वजनिक सरोकारका भवनहरुको नक्सा पास गर्ने कार्यलाई अनिवार्यता दिने गरी त्यस्ता भवनहरुमा लाग्ने राजस्व रकम छुट दिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

३. सडकमा अनुचित ढंगले राखिएका निर्माण सामग्रीको कारण आवगमनमा अवरोध भई बाटो बिग्रिने र दुर्घटना हुनेहुँदा त्यस्तो व्यक्ति र निर्माण व्यवसायीलाई कारवाहीको दायरामा ल्याइने छ।

४. देवचुली नगरपालिमा बन्ने घरहरुको नमूना नक्सा बनाई १००० वर्ग फुटसम्मका घर-नक्सा निशुल्क उपलब्ध गराउन नीतिगत व्यवस्था गरिनेछ।

५. भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गर्दै नगरपालिका क्षेत्रभित्र अनिवार्य नक्सा पास गर्न विभिन्न सञ्चार माध्यम मार्फत प्रचार-प्रसार गरी घरको नक्सा पास अनिवार्य गराउने नीति कडाईका साथ लागु गरिनेछ। साथै नक्सा पास स्वीकृत नलिई निर्माण भएका घर टहरा निर्माण गर्ने व्यक्ति वा संस्थालाई पहिचान गरी अभिलेख राखी नगरपालिका मार्फत प्रदान गरिने कुनै पनि सेवा सुविधा रोक्का गरिने नीतिलाई लागू गरिनेछ।

६. सुरक्षित नागरिक आवास कार्यक्रमलाई थप प्रभावकारी बनाई खरको छानो पूर्ण रुपमा विस्थापित गर्ने नीति लिइनेछ।

७. देवचुली नगरपालिका भित्र **Landpooling-Housepooling, Planning-Ploting permit** अनुमति नलिई गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

**नापी सम्बन्धी नीतिः**

१. वडा समिति, राजनीतिक दल र टोल विकास संस्थाको सहभागितामा नगर क्षेत्रका सार्वजनिक जग्गाको संरक्षण र सम्वर्द्धन गर्ने नीतिलाई प्राथमिकताका साथ कार्यान्वयनमा लगिनेछ।

२. नगरको विकासका लागि सडक मापदण्ड, भवन आचारसंहिता र नगर यातायात गुरुयोजना **MTMP** मा भएको व्यवस्ता बमोजिम न्युनतम ६ मिटर मापदण्ड पुरा भएका सम्पुर्ण सडकहरुलाई क्रमिक रुपमा कित्ताकाट गरी व्यक्ति वा संस्थाको नामबाट सार्वजनिक सडक बनाउने कार्यको नीति लिइनेछ।

३. नगरक्षेत्रभित्रका ६ मिटर भन्दा कम चौडाईका बाटोहरुमा रकम विनियोजन नगर्ने, तर २०७२ साल अघि कित्ताकाट भएका बाटोहरुको हकमा ६ मिटर कायम गर्ने गरि सम्बन्धित जग्गाधनीको मन्जुरीनामा पश्चात मात्र रकम विनियोजन गर्ने, लागत अनुमान तथा भुक्तानीको प्रक्रिया अगाडी बढाउने नीति लिइनेछ।

**<u>वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन नीति -</u>**

१. गैंडाकोट नगरपालिकासँगको साझेदारीमा अग्नि नियन्त्रक यन्त्र **"दमकल"** खरिद एवम् संचालन गरिनेछ।

२. विद्यालयस्तरको स्थानीय पाठ्यक्रममा नगराक्षेत्रभित्रको वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विषयलाई समावेश गरिनेछ।

३. जनचेतनामुलक तथा सुचनामुलक कार्यक्रमहरु तयार गरी संचारमाध्यमको प्रभावकारी उपयोग मार्फत सबै नगरवासीको पहुँच हुने गरी वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी जानकारी प्रत्येक घरघर सम्म पुर्याउने व्यवस्था गरिनेछ।

४. प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपहरूको सुक्ष्म निगरानीका साथै संघीय सरकार/प्रदेश सरकार बाट मापन भएका तथ्यांक र जारी भएका सुचना नियमित रुपमा सार्वजनिक गरिनेछ।

५. सडक दुर्घटनाका सम्भावित क्षेत्रहरुको पहिचान गरी जोखिम न्युनिकरणका लागि सुरक्षा निकाय संग समन्वय गरी आवश्यक कार्य अगाडी बढाईनेछ।

६. नगरक्षेत्र भित्र पाईने महत्वपूर्ण वनस्पती, जडिबुटी, बोट विरुवाको संरक्षणका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ।

७. मानिस र वन्यजन्तु विचको द्वन्द न्युनिकरणका लागि संवेदनशील क्षेत्रको पहिचान गरी रोकथामका उपाय लागू गरी सबै नगरवासीलाई सचेत गराईनेछ।

८. कुहिने र नकुहिने फोहोरको घरबाटै वर्गीकरणका लागि नगरवासीलाई अभिप्रेरित गरिनेछ।

९. नगरक्षेत्रभित्र संचालनमा रहेका उद्योग, कलकारखाना तथा सवारीसाधनहरुको संचालनमा वातावरणमैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१०. फोहोरमैलाको दिगो तथा वैज्ञानिक व्यवस्थापनका लागि फोहोरलाई घरघरबाट वर्गीकरण गर्न लगाई नियमित संकलन गरी हालै तयार भएको फोहरमैला व्यवस्थापन सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन **(DPR)** अनुसार फोहोरमैला प्रशोधन केन्द्र निर्माण गरी व्यवस्थापन गरिने छ। प्रशोधन केन्द्र निर्माणका लागि आर्थिक स्रोत उपलब्ध गराउन सार्वजनिक निजी साझेदारी नीति अनुसार स्थानीय र बाह्य लगानीलाई आकर्षित गरिने छ।

११. खोलानाला तथा मुलको पानीलाई खानेपानी तथा सिंचाईमा उच्चतम उपयोग गरिने छ।

१२. भूमिगत जलस्रोतको उपयोग गर्दा अनिवार्य वातावरणीय अध्ययन गरी पुनर्भरण **(Recharged)** गर्ने व्यवस्था मिलाईनेछ।

१३. वातावरणमा हानी पुर्याउनेले सो बापतको दायित्व बेहोर्ने र नगरक्षेत्र भित्रका बिकासका आयोजनाका कारण प्रतिकुल वातावरणीय प्रभावमा परेका समुदायलाई न्यायोचित ढंगबाट क्षतिपुर्तिको व्यबस्था गरिने छ।

१४. वातावरणमैत्री संरचना निर्माणमा जोड दिइनेछ।

१५. नगर क्षेत्रको उत्तर पूर्व र उत्तर पश्चिम भागमा पर्ने चुरे क्षेत्रको संरक्षण गरिनेछ।

१६. विकासका भौतिक पूर्वाधार निर्माणमा संघीय सरकार, प्रदेश सरकार र देवचुली नगरपालिकाले जारी गरेका कानुन, मापदण्ड, संहिता लगायतलाई कडाईका साथ लागु गरिनेछ।

१७. प्राकृतिक स्रोतको दिगो, एकीकृत र वातावरणमैत्री व्यवस्थापन गरिनेछ।

१८. प्रत्येक वडामा एक उद्यान निर्माण गरिने छ साथै नगरपालिका भित्र एउटा वनस्पती उद्यान निर्माण गरिने छ।

१९. प्रत्येक घरमा बगैचा/करेसावारी निर्माणलाई प्रोत्साहित गरिने छ।

२०. नगरपालिका क्षेत्र भित्रका पदमार्गको बिभिन्न ठाउँमा सांस्कृतिक महत्व बोकेका वर पिपल जस्ता वोट बिरुवाको वृक्षारोपण सहित विश्राम चौतारी निर्माण गरिने छ।

२१. **"देवचुली हरियाली नगर"** बनाउन नगरक्षेत्र भित्रका खाली सार्वजनिक ठाउँमा वृक्षारोपण गरी हरियालीलाई प्रवर्द्धन गरिनेछ।

२२. नदीले कटान गरेको क्षेत्रमा जैविक तटबन्धनलाई प्रवर्द्धन गरिने छ।

२३. नगरक्षेत्र भित्र बाढी पहिरो, खडेरी, चट्याङ्ग, हावाहुरी, शितलहर, आगलागी, माहामारी लगायातलाई समेटेर विगतको घटना र पूर्वानुमानको आधारमा **"विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना"** बनाई लागु गरिनेछ।

२४. वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गरिनेछ।

२५. खोज उद्दार लगायतका कार्य गर्नका लागि वडा स्तरीय स्वयंसेवक टोली गठन गरिनेछ।

२६. नगर क्षेत्र भित्र सबै नगरवासीलाई पायक पर्ने ठाउँमा आपतकालीन भण्डारण गृहको स्थापना गरिने छ।

२७. नियमित बिकास निर्माणका काममा विपद कोषको रकम खर्चलाई निरुत्साहित गर्दै **"विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना"** मा उल्लेख भएका कार्यहरुको प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याईनेछ साथै राहत वितरणलाई न्यायोचित बनाउन राहत मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईनेछ।

२८. सबै किसिमका बिकास निर्माण गर्दा **"अझ राम्रो, बलियो र सुरक्षित बनाऔं"** भन्ने अवाधारणालाई प्रोत्साहन गरिनेछ।

## सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह नीति -

१. नगरपालिकाको स्रोत तथा जनशक्तिको समुचित प्रयोगका लागि न्यून लागतमा चुस्त, दुरुस्त, सरल, सहज सेवा प्रवाहका निम्ति वडाहरुको प्रशासनिक विभाजन र सीमामा पूर्नविचार गरि वडाको संख्या घटाउनेतर्फ विद्यमान कानुनमा भएको व्यवस्था बमोजिम यसै आ.व. बाट प्रक्रियाको थालनी गरिनेछ।

२. आर्थिक वर्ष २०८०\०८१ को स्विकृत नीति, बजेट तथा कार्यक्रम अनुरुप वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

३. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन अनुसार स्थानीय तहलाई प्राप्त अधिकार कार्यान्वयनका लागि आवश्यक ऐन, कानूनहरु निर्माण गर्दै निर्मित कानूनहरुलाई क्रमशः अद्यावधिक गर्दै लगिने छ।

४. नगरपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, प्रविधिमैत्री, पारदर्शी र गुणस्तरीय सेवा प्रवाहमा रुपान्तरण गर्दै भ्रष्टाचार विरुद्धको शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ।

५. शुन्य बेरूजु कायम गर्न प्रचलित कानूनको कडाईका साथ पालना गर्ने नीति लिइनेछ।

**संस्थागत विकासः**

१. कर्मचारीहरुको सीप, ज्ञान र क्षमता विकासमा जोड दिई कर्मचारीलाई सक्षम र सबल सहित प्रशासनिक तथा प्राविधिक कर्मचारीहरुलाई प्रविधि मैत्री क्षमता विकास तालिम दिईनेछ।

२. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सेवा इकाईबाट संचालित कार्यक्रमलाई निरन्तरता दिने गरी जनशक्ति व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ।

३. छिमेकी स्थानीय तह बिच साझा सरोकारका विषयहरु पहिचान गरी संयुक्तरुपमा कार्यान्वयनका लागि पहल गरिनेछ।

४. न्यायिक समितिमा जनशक्ति व्यवस्थापन गरी ईजलास तथा मेलमिलापका कार्यलाई प्रभावकारी रुपमा कार्यान्वय गर्न स्रोत साधनले सम्पन्न बनाई समितिका पदाधिकारीहरु र मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

५. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्न मापदण्ड बनाई कार्यान्वयनमा ल्याईनेछ साथै उत्कृष्ट कर्मचारी पुरष्कृत गर्ने व्यवस्था मिलाईनेछ।

६. वडा कार्यालय संचालनको लागि जनशक्ति र आवश्यक पर्ने न्यूनतम बजेट व्यवस्थापन गरिनेछ।

७. सम्पूर्ण नगरसभाका सदस्यहरुको लागि कानूनी साक्षरता सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

**सुशासनः**

१. स्थानीय तह संस्थागत स्वमूल्याङ्कन तथा स्थानीय तह वित्तिय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

२. नगरको आन्तरिक नियन्त्रण प्रणाली चुस्त र मजवुत बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी अवलम्वन गरिनेछ।

३. नगरपालिकाको सेवा प्रवाह, विकास निर्माण कार्य र जनताको सुसूचित हुन पाउने अधिकारलाई प्रभावकारी बनाउन मिडिया साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ।
४. सेवा प्रवाह र विकास निर्माण कार्यलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनुका साथै सामाजिक परीक्षण कार्यलाई निरन्तरता दिईनेछ।
५. नगरपालिकाबाट कार्यान्वयन हुने योजना, कार्यक्रमहरुमा वित्तिय जोखिम न्यूनीकरणका लागि निर्माण र खरीद प्रक्रियालाई बढी पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन **E-Bidding** लाई प्रभावकारी रुपमा कार्यान्वय गर्ने व्यवस्था मिलाईनेछ।
६. सेवाग्राहीहरुको सन्तुष्टि मापन गर्ने प्रणाली विकास गरि कार्यान्वयनमा ल्याइनेछ।

**सेवा प्रवाहः**

१. नगरपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, प्रविधिमैत्री, पारदर्शी र गुणस्तरीय सेवा प्रवाहमा रुपान्तरण गर्दै भ्रष्टाचार विरुद्धको शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ।
२. नगरपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार सेवामा कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको आधारमा निरन्तरता दिई सेवा करार गरिनेछ।
३. संगठन तथा व्यवस्थापन सर्वेक्षण **(O&M)** प्रतिवेदन २०८० अनुसार प्रत्येक शाखा र कर्मचारीको कार्य विवरण तयार गरी शिघ्र सेवा, चुस्त प्रशासन र नतिजामुखी कार्यप्रणालीको अवलम्बन गरी सेवा प्रवाहमा गुणस्तर कायम गर्ने नीति लिइनेछ।
४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरणलाई थप प्रभावकारी बनाउन अभिलेख व्यवस्थापनका साथै सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैंक तथा वित्तीय संस्थासँग विद्युतीय भुक्तानी प्रणालीलाइ पूर्ण रूपमा कार्यान्वयन गरिनेछ।
५. प्रत्येक वडा कार्यालयमा स्थापना भई सञ्चलानमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरी समितिमा परेका उजुरीहरु मेलमिलापको माध्यमबाट फछ्र्यौट गर्न जोड दिइनेछ।
६. मेलमिलाप केन्द्रबाट समाधान नभएका विवादहरु समाधानका लागि हप्ताको १ पटक इजलास बसी विवाद समाधान गरी मेलमिलाप तथा निरुपण भएका विवादहरु कार्यान्वयन गरिनेछ।

**सञ्चार तथा सूचना प्रविधिः**

१. नगरपालिकाका विकास गतिविधि, सेवा प्रवाह र सामाजिक परिचालन लगायतका नगरपालिकाबाट सम्पादन हुने कार्यहरुलाई कार्यालयको वेबसाइट मार्फत प्रकाशन निरन्तरता दिइनेछ।

२. नगरपालिकाको गतिविधि र काम कारवाहीका सम्बन्धमा स्थानीय सञ्चारकर्मीहरुसंग साझेदारी तथा अन्तरक्रिया गरिनेछ।
३. स्थानीय सञ्चार माध्यम र सञ्चारकर्मीहरुको क्षमता विकासको लागि सहयोग गरिनेछ।
४. संचार तथा इन्टरनेट सेवा प्रदायकलाई सूचना तथा सञ्चारको नीति निर्माण गरि करको दायरामा ल्याइनेछ।
५. देवचुली नगरपालिकाको विकास निर्माण र सेवा प्रवाहको अबस्थाबारेमा नियमित रुपमा सूचना तथा जानकारी नगरबासी समक्ष पुर्याउन स्थानीय रेडियो **(FM)** लाई मिडिया साझेदारको रुपमा तोकि सुशासन र पारदर्शितालाई प्रवर्द्धन गरिनेछ।
६. पत्रकारिताको माध्यमबाट नगरको विकास र समृद्धिमा उत्कृष्ट योगदान गर्ने सञ्चार गृह तथा सञ्चारकर्मीलाई सम्मान गरिनेछ।
७. नगरपालिकाको सेवा प्रवाहलाई क्रमशः सूचना प्रविधियुक्त बनाइनेछ।
८. सम्बन्धित निकायसँगको समन्वय र साझेदारीमा नगरपालिका भित्रका मुख्य मुख्य सार्वजनिक स्थलहरुमा फ्रि वाईफाईको व्यवस्थाका लागि पहल गरिनेछ।
९. स्थानीय तह संस्थागत स्वमूल्याङ्कन तथा स्थानीय तह वित्तिय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ।
१०. नगरपालिकालाई प्रविधिमैत्री बनाउनको लागि आवश्यक सफ्टवेयर जडान तथा संचालनमा प्राथमिकता दिइनेछ।
११. सूचना प्रविधिसँग सम्बन्धित जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी र स्थानीय बासीहरुको प्रतिभा प्रस्तुतिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
१२. नगरपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी सञ्चलानका लागि जोड दिइनेछ।
१३. सबै विद्यालय तथा सबै सेवा प्रवाह केन्द्रमा इन्टनेटको पहुँचलाइ सूनिश्चिता गरि निरन्तरता दिइनेछ।
१४. विद्युतीय हाजिरी जडान, इन्टरनेट, डिजिटल डिस्प्ले बोर्ड, सूचना पाटी, नागरिक वडापत्र सम्बन्धी कार्यलाइ अझै प्रभावकारी बनाउन नँया प्रविधि जडान तथा विस्तारलाइ निरन्तरता दिइनेछ।
१५. नगरभित्रका जोखिम स्थान तथा वडामा सी.सी. क्यामेरा जडान गरी नगरको शान्ति सुरक्षालाई सुदुढ बनाउने कार्यलाइ निरन्तरता दिईनेछ।
१६. प्रत्येक वडाको स्रोत नक्सा निर्माण गरि नगरपालिकाको डिजिटल प्रोफाइल बनाइनेछ।
१७. सेवाग्राहीको चाप हुने वडा कार्यालयमा टोकन प्रणाली लागु गरिनेछ।